नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## विभिन्न मन्त्रालयहरुबाट २०६६ असोज महिनामा सम्पादित मुख्य-मुख्य कामको विवरण

### १. आर्थिक क्षेत्र (अर्थ, उद्योग, वाणिज्य र कृषि)

- २०६६ असोज महिनामा रु. ११ अर्ब ७७ करोड १५ लाख राजश्व सङ्कलन भएको । चालु आर्थिक वर्षको असोज महिनासम्ममा रु. ३४ अर्ब ३२ करोड ४२ लाख राजश्व सङ्कलन गरिसकिएको ।
- विभिन्न मन्त्रालय एवं निकायहरुलाई चालुतर्फ रु. ७ अर्ब ७८ करोड ३३ लाख, पूंजीगततर्फ रु. १ अर्ब ९५ करोड ७० लाख र साँवा भुक्तानीतर्फ रु. ७१ करोड ३० लाख निकासा गरिएको ।
- असोज महिनामा वैदेशिक सहायता सम्झौताअन्तर्गत अनुदान सहायता रु. १५ अर्ब ७२ करोड ३५ लाख उपलब्ध हुने भएको ।
- उद्योग विभागबाट २१ वटा उद्योगहरु र २५ वटा ट्रेडमार्क दर्ता गरिएको ।
- १४ वटा वैदेशिक लगानी स्वीकृत गरिएको ।
- कम्पनी रजिष्ट्रारको कार्यालयबाट ५७५ वटा प्राइभेट लिमिटेड तथा ६ वटा पब्लिक लिमिटेड दर्ता गरिएको ।
- वाणिज्य विभागबाट २८४ वटा प्राइभेट फर्म र १० वटा साझेदारी फर्म दर्ता गरिएको ।
- भुटानमा आयोजित नवौं व्यापार मेलामा नेपालका १५० भन्दा बढी व्यापारीहरुको सहभागिता भई नेपालमा उत्पादित वस्तु बिक्रि वितरण भएको ।
- असोज महिनामा काठमाण्डौ उपत्यकामा करिब २४ लाख ८८ हजार लिटर दूध संकलन एवं करिब ३८ लाख ६० हजार लिटर दूध वितरण गरिएको । यसैगरी उपत्यका बाहिर ४५ लाख ५३ हजार लिटर दूध संकलन एवं करिब ४६ लाख ५४ हजार लिटर दूध वितरण गरिएको ।
- खाद्य नमूना ७०६ वटा र माटो नमूना २२ वटा परीक्षण गरिएको ।
- देशभरी ५८४ वटा खाद्य पदार्थका गुणस्तर नियमन तथा अनुगमन गरिएको ।

### २. पूर्वाधार विकास क्षेत्र (भौतिक योजना, उर्जा, सिँचाइ, वातावरण, श्रम, विज्ञान र सञ्चार)

- बनेपा-सिन्धुली-बर्दिवास सडक योजनाअन्तर्गत नेपालथोक-खुर्कोट खण्डको फेज १ को मुआब्जा वितरण करिब ६० प्रतिशत सम्पन्न भएको ।
- हेटौंडा र भरतपुर नगरपालिकाहरुमा [illegible] बोर्डको स्थापना भएको ।
- भरतपुर नगरपालिकाको बसपार्क निर्माण कार्य सम्पन्न भएको ।
- ग्रामीण खानेपानी तथा सरसफाइ आयोजनाअन्तर्गत सातौं समूहको कार्यान्वयन चरणमा रहेका ४४५ वटा आयोजनाहरु सञ्चालन भइरहेका ।
- ११ वटा जलविद्युत केन्द्र र २ वटा थर्मल प्लान्टबाट ११९.४५ गिगावाट आवर विद्युत उत्पादन भएको ।
- कुलेखानी तेश्रो जलविद्युत आयोजनाको मुख्य सिभिल कार्य संरचना निर्माण कार्यअन्तर्गत विद्युत गृह निर्माण स्थलमा जग खन्ने कार्य सम्पन्न भएको तथा मुख्य सुरुङ जम्मा ३९० मिटर सम्पन्न गरिएको ।

- माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको दोलखा-सिंगटी खण्डको प्रवेश मार्ग सदृढीकरण कार्य १८.७ किलोमिटर सम्पन्न भएको ।
- विभिन्न वैदेशिक रोजगारीमा नेपाली कामदार पठाउन १०,३२५ जनालाई अन्तिम स्वीकृति प्रदान गरिएको ।
- यातायात व्यवस्था विभाग र मातहतका कार्यालयहरुबाट करिब रु. २३ करोड ३९ लाख ९८ हजार राजस्व संकलन गरिएको ।
- १४,०७४ वटा सवारी साधन दर्ता गरिएको ।
- १५१ कि.वा.लघु जलविद्यूत उत्पादन भएको ।
- ११२ वटा सुधारिएको पानी घट्ट जडान कार्य सम्पन्न भएको ।
- ६,०६६ वटा घरेलु सौर्यविद्युत प्रणाली जडान कार्य सम्पन्न भएको ।
- १,६५० वटा सुधारिएको चुलो जडान गरिएको ।
- टक्सिकोलोजीसम्बन्धी १० केश, केमेष्ट्री तथा नार्कोटिक्ससम्बन्धी ४ केश, र विवादित प्रलेखसम्बन्धी १५ केश परीक्षण गरिएको । यसैगरी बायलोजी/ सिरोलोजी तथा DNA सम्बन्धी २ केश परीक्षण गरिएको ।
- ७ स्थानमा VSAT Rural Terminal जडान गरिएको ।
- ११,८८० ADSL लाइन जडान कार्य पूरा भै वितरणयोग्य भएको ।
- Cable N/W Expansion को ३,६७९ Primary Pair र ३,११० Secondary Pair जडान भएको ।
- CDMA Project अर्न्तगत ९ साइटमा BTS जडान भएको ।

### ३. सामाजिक विकास क्षेत्र (शिक्षा, स्वास्थ्य, महिला सशक्तीकरण, युवा तथा खेलकुद)

- दिवा खाजा कार्यक्रम अर्न्तगत ६८,१८१ विद्यार्थीहरुलाई ३३६ मे. टन खाद्यान्न वितरण गरिएको ।
- प्राथमिक विद्यालय तह २०३, निम्न माध्यामिक विद्यालय तह २० र माध्यामिक विद्यालय तह १५ गरी २३८ सामुदायिक विद्यालयहरुको व्यवस्थापन समुदायमा जिम्मा दिइएको ।
- कक्षा कोठा निर्माण कार्यक्रम अर्न्तगत विद्यालय छनौटको नामावली संकलन भइहेको ।
- विभिन्न गा.वि.स.मा गरी ३९ वटा महिला तथा बचत परिचालन समूह गठन गरिएको ।
- १३ जना बालबालिकाहरुलाई धर्म पुत्र/पुत्रीको रुपमा विभिन्न विदेशी नागरिकहरुलाई प्रदान गरिएको ।
- ३३ वटा औषधिको नमूना परीक्षण तथा ३३ वटा औषधि पसलहरुको निरीक्षण कार्य सम्पन्न ।
- राष्ट्रिय युवा नीतिको मस्यौदाउपर छलफल र पृष्ठपोषण लिने कार्य भइरहेको ।
- ७ जना ज्येष्ठ नागरिकको निःशुल्क मुटु रोगको उपचार गरिएको ।
- ५५ जना बालबालिकालाई मुटु रोगको निःशुल्क शल्यक्रिया गरिएको ।
- लोपोन्मुख जातीका र ७५ वर्षमाथिका ज्येष्ठ नागरिकमध्ये १९ जनाको मृगौला डायलशिस गरिएको ।
- ७१,३४१ जना झाडापखाला रोगीको उपचार गरिएको ।

## ४. पर्यटन, संघीय मामिला, भूमिसुधार र वन

- बाँकि रहेका मुक्त कमैया पुनर्स्थापन गर्ने कार्यक्रमअन्तर्गत ३११ परिवारलाई पुनर्स्थापन गरिएको ।
- घर जग्गा रजिष्ट्रेसन दस्तुर, रोक्का, पूर्जा बिक्रि दस्तुर आदिबाट साउन महिनामा करिव रु. ४६ करोड ८६ लाख ९० हजार राजस्व सङ्कलन गरिएको ।
- ७० वटा पर्वतारोहण दललाई अनुमति प्रदान गरिएको ।
- देवघाट क्षेत्रको २० वर्षे गुरूयोजना स्वीकृत गरिएको ।
- विभिन्न जिल्लाका जिल्ला न्याधीशहरु र अन्य सरोकारवालाहरुलाई प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकारका विविध पक्षहरु सम्बन्धमा तालिम प्रदान गरिएको ।
- देशभरी चिरान काठ उत्पादन १,६९२ क्यूफिट र सुगन्धित तेल उत्पादन र विक्रि ३२.९८ टन भएको ।

## ५. गृह, रक्षा र शान्ति

- व्यक्तिगत सम्पती क्षति भएका ५९ जनालाई आर्थिक सहायता प्रदान गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाइएको ।
- बेपत्ता, बन्दी तथा अपहरणमा परेका ९ जनालाई रु.२ लाख २५ हजार आर्थिक सहायता प्रदान गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाइएको ।
- जन आन्दोलनका शहीदका २५ परिवारलाई रु. १४ लाख ७० हजार जीवन निर्वाह भत्ता उपलब्ध गराउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाइएको ।
- जन आन्दोलनका घाइते २४ जनालाई जीवन निर्वाह भत्ता वापत रु. ६ लाख ४८ हजार उपलब्ध गराउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाइएको ।
- शिविरमा रहेका माओवादी सेनाका लडाकुहरुको लागि भरणपोषण वापत करिव रु. ४ करोड ७६ लाख ४६ हजार र मासिक भत्ता वापत रु. ३ करोड २० लाख ८० हजार भुक्तानी भएको ।
- ३२,१४२ जनालाई नागरिकता र २४,७१७ जनालाई राहदानी वितरण गरिएको ।
- द्वन्द्व प्रभावितका लागि राहत/सामाजिक सुरक्षा र पुनःस्थापना कार्यक्रमअन्तर्गत २६ जनालाई करिव रु. २० लाख ४० हजार बराबरको राहत उपलब्ध गराइएको ।
- दैवि प्रकोपबाट पीडित ४,७१९ जनालाई करिब रु. १६ करोड ६२ लाख २२ हजार बराबरको राहत रकम उपलब्ध गराइएको ।
- संयुक्त राष्ट्र संघको आव्हानमा विभिन्न मिशनहरुमा ११ जना सैनिकहरु शान्ति सेनामा पठाउने निर्णय गरिएको ।

## ६. परराष्ट्र, सामान्य प्रशासन, स्थानीय विकास, कानून तथा न्याय

- सम्माननीय प्रधानमन्त्रीज्यूले मिति २०६६ असोज ४ गतेदेखि १२ गतेसम्म संयुक्त राष्ट्र संघ महासभाको ६४ औं नियमित अधिवेशनमा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्नुभएको ।
- दुईवटा निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरेको तथा एउटा निकायको व्यवस्थापन परीक्षण गरेको ।

- १२ वटा बढुवा विज्ञापनसम्बन्धी कार्य गरेको ।
- यस महिनामा जन्म दर्ता ९,७४५ मृत्यु दर्ता १,५०४, विवाह दर्ता २,३९० र बसाइ सराइ दर्ता १,००६ गरिएको ।
- गा.वि.स. अनुदान सञ्चालन कार्यविधि कार्यविधि, २०६६ र जि.वि.स.अनुदान सञ्चालन कार्यविधि, २०६६ स्वीकृत भै कार्यान्वयनमा आएको ।
- कानून तथा न्याय मन्त्रालयबाट सन्धि/सम्झौतासम्बन्धी ४ विषयमा र ऐन नियमसम्बन्धी २ विषयमा विभिन्न मन्त्रालयहरुलाई राय दिइएको ।
- विभिन्न ३ वटा अध्यादेश/विधेयकको मस्यौदा तर्जुमा गरी आवश्यक कारवाही चलाउन सम्बन्धित मन्त्रालयहरुलाई सहमति दिइएको ।
- नेपाल राजपत्रमा प्रकाशित गर्न विभिन्न ४० वटा सूचनाहरु सम्पादन गरिएको ।

**विवरण प्राप्त नभएका मन्त्रालयहरु**

**१.परराष्ट्र मन्त्रालय**
**२.सिँचाइ मन्त्रालय**